नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.:-२०८१/०८२

चलानी नं.:- ७७

मितिः-२०८१/०५/२३

ने.सं.११४४ जलाथ्व ०५

विषयः- पत्राचार सम्वन्धमा।

श्री गाउँपालिका (सबै)।

श्री नगरपालिका (सबै)।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको च.नं.११५, मिति २०८१/०५/१९ को पत्राचार सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

**नोटः- माग बमोजिमको विवरण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको ईमेल ठेगाना (policy.nnrfc@gmail.com) मा उपलब्ध गराई दिनुहोला।**

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः- Website मा Upload गराइदिनुहुन।

# राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
## National Natural Resources and Fiscal Commission

प.स: ०८१।८१
च.नं. / Ref: ११५

मितिः२०८१।०५।१९

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार,काठमाडौं।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.:- ८६५
दर्ता मितिः- ५।१९

बिषयः पत्राचार सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा नेपालको संविधानको धारा २५१, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ को दफा ३ को उपदफा (२) मा आयोगले संविधान तथा ऐन बमोजिम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा स्थानीय तहको कार्यसम्पादनलाई आधार मानि सिफारिस गर्ने गरेको व्यहोरा अवगत नै छ ।यस सम्बन्धमा आयोगले स्थानीय तहको कार्य सम्पादन मापन प्रयोजनको लागि प्रयोगमा ल्याएको १७ (सत्र) वटा सूचकहरु मध्ये यसैसाथ संलग्न उल्लेखित सुचकहरुको कार्यसम्पादन स्थानीय तहहरुबाट सम्पन्न भइसकेको हुँदा यस आयोगमा मुल्यांकनका लागि प्रगति विवरण (इमेल ठेगाना policy.nnrfc@gmail.com) मा पठाउने व्यवस्थाको लागि सहजिकरण गर्न सबै स्थानीय तहमा पत्राचार गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

२०८१।०५।१९
प्रमिला भण्डारी
शाखा अधिकृत

श्री संघिय मामिला महाशाखा
०८१।५।१९

योजना तथा विकास सहायता समन्वय महाशाखा
दर्ता नं.: 238
मितिः २०८१।५।१९.

सिंहदरबार, काठमाडौं, नेपाल, फोन नं. +९७७-१-४२००५९२, फ्याक्सः +९७७-१-४२००५९३
Singh Durbar, Kathmandu, Nepal, Tel: +977-1-4200592, Fax: +977-1-4200593
E-mail: info@nnrfc.gov.np, Website: www.nnrfc.gov.np

## कार्यसम्पादन सूचकका लागि स्थानीय तहले आयोगमा पठाउनुपर्ने विवरण

| जिल्लाः | | प्रदेशः | | | | स्थानीय तहको नामः | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आ.व. | | | | | | | | | |
| सू.नं. | कार्यसम्पादन सूचक | | | | | | | कैफियत | |
| १ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरे/नगरेको । | गरेको मिति | | | नगरेको | | | आ.व ०८१/०८२को लागि पेश गरेको । | प्रमाण संलग्न गर्ने |
| २ | गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ सभा र नगरसभामा पेश गरी असार मसान्तभित्र पारित गरे/नगरेको । | पारित गरेको मिति | | | नगरेको | | | आ.व ०८१/०८२को पारित गरेको । | प्रमाण संलग्न गर्ने |
| ३ | स्थानीय तहले घर जग्गा रजिस्ट्रेशन शुल्क, मनोरञ्जन कर तथा विज्ञापन कर वापत उठेको रकममध्ये प्रदेश सरकारलाई दिनुपर्ने ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गरे/नगरेको ।(आ.व २०८०श्रावणदेखि २०८१ असार सम्म) | महिना | गरेको/नगरेको | जम्मा संकलन भएको रकम रू.. | ४० प्रतिशतले हुने रकम रू.. | जम्मा गरेको कुल रकम रू. | जम्भा गरेको मिति | | |
| | | श्रावण | | | | | | | |
| | | भाद्र | | | | | | | |
| | | असोज | | | | | | | |
| | | कार्तिक | | | | | | | |
| | | मंङ्सीर | | | | | | | |
| | | पौष | | | | | | | |
| | | माघ | | | | | | | |
| | | फाल्गुन | | | | | | | |
| | | चैत्र | | | | | | | |
| | | वैशाख | | | | | | | |
| | | ज्येष्ठ | | | | | | | |
| | | असार | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | स्थानीय तहले आगामी आ.व.को लागि आय व्ययको प्रक्षेपण गरिएको तथ्याङ्‌ क सहितको विवरण चालु आ. व.को पुस मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरे/नगरेको । | गरेको/नगरेको | | पेश गरेको मिति | | | आ.व २०८२/०८३को लागि प्रक्षेपण गरि आ. व२०८१ पौष | प्रमाण संलग्न गर्ने |
| ५ | स्थानीय तहले बजेट कार्यान्वयनको वार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक वर्षको कार्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको । | गरेको/नगरेको | | गरेको मिति | | | आ.व०८०/८१ को वार्षिक बजेटको समिक्षा । | प्रमाण संलग्न गर्ने |
| ६ | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको राजस्व परिचालन गरेको अवस्था । | आ.व.(२०८०/०८१) को राजश्व संकलनको प्रक्षेपित लक्ष्य रू.. | यथार्थ राजश्व संकलन रकम रू.. | प्रगति प्रतिश | आ.व.(२०७९/८०)मा संकलन भएको राजश्व रकम रू | राजश्व वृद्धिको प्रतिशत | | |
| ७ | स्थानीय तहको गत आ. व. २०८०/८१ को विनियोजित रकम अनुसार खर्चको अवस्था । | कुल विनियोजित रकम रू.. | कुल खर्च रकम रू.. | खर्च प्रतिश | कुल पुजीगत विनियोजन रकम रू. | कुल पुजीगत खर्च रकम रू.. | | प्रमाण संलग्न गर्ने |
| ८ | गत आर्थिक वर्ष भन्दा अघिल्लो आ. व. को अन्तिम लेखापरीक्षणबाट औल्याएको बेरुजुको अवस्था । | लेखापरीक्षण गरिएको आ.व. | कुल लेखापरीक्षण भएको रकम रू.. | | कायम भएको बेरुजु रकम रू. | बेरुजु प्रतिशत | आ.व २०७९/०८० | प्रमाण संलग्न गर्ने |
| ९ | म.ले. नि. का.ले प्रयोगमा ल्याएको स्थानीय सञ्‌ चित कोष व्यवस्थापन प्रणाली (**Subnational Treasury Regulating Application, SUTRA**) को प्रयोग स्थानीय तहहरुले पूर्ण रुपमा गरी आवश्‌ यक विवरण प्रविष्ट गरे/नगरेको । | | | | | | | |
| १० | स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक योजना तर्जुमा गरे/नगरेको । | गरेको/नगरेको | योजना तर्जुमा गरी सभाबाट पारित गराएको मिति | | | | आवधिक योजना | प्रमाण संलग्न गर्ने |
| ११ | आ.व. २०८०/०८१ कक्षा १ देखि ८ सम्मको औषत खुद विद्यार्थी भर्ना दर । | विद्यालय जाने उमेरको बालवालिकाको संख्या | विद्यालयमा भर्ना भएका बालवालिकाको संख्या | खुद भर्ना दर | | | | प्रमाण संलग्न गर्ने |
| १२ | कक्षा ८ को तुलनामा कक्षा ९ मा विद्यार्थी टिकाउ दर । | आ.व. २०७९/०८० कक्षा ८ मा रहेका विद्यार्थीको संख्या | आ.व. २०८०/८१ मा रहेको विद्यार्थीको संख्या | टिकाउ दर | | | | प्रमाण संलग्न गर्ने |